# सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
# सातौं विशेष साधारण सभाको
# काम कारवाहीको विवरण
# (माइन्यूट)

**१. वैधानिक सभा**

कम्पनी ऐन, २०६३ र बैंकको नियमावली बमोजिम बैंकको सातौं विशेष साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री राजन सिंह भण्डारी ज्यूको सभापतित्वमा तल उल्लेखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल भई देहाय बमोजिम निर्णय भयो ।

**२. सभाको सूचना**

१. कम्पनी ऐन, २०६३ को दफा ६७ र बैंकको नियमावली बमोजिम बैंकको सातौं विशेष साधारण सभा मिति २०७८/०२/११ गते बसेको सञ्चालक समितिको ३६४ औं बैठकले निर्णय गरे अनुसार मिति २०७८/२/१२ को आर्थिक अभियान राष्टिय दैनिक पत्रिकामा तथा मिति २०७८/०२/१४ को कारोवार राष्ट्रिय दैनिक पत्रिकामा स्थान, मिति, समय र छलफल हुने विषयको सूचना सहितको विवरण समेत शेयरधनी महानुभावहरुलाई Webinar मार्फत संचालन हुने व्यहोरा जानकारीको लागि प्रकाशित गरिएको थियो । सोही दिन बैंकको वेवसाईट www.ctznbank.com मा समेत सो सूचना प्रकाशित गरिएको थियो ।

**१. सभा हुने मिति, स्थान र समय :**

| | |
|---|---|
| सभा हुने मिति | :- २०७८ साल जेठ २७ गते (तदअनुसार जुन १०, २०२१) बिहिबार |
| स्थान | :- बैंकको प्रधान कार्यालय रहेको भवन, नारायणहिटी पथ, दरवारमार्ग, काठमाण्डौं (Webinar मार्फत संचालन गरिने ।) |
| सभा सुरु हुने समय | :- बिहान ९:०० बजे |

**२. छलफलका विषयहरु :**

क. **विशेष प्रस्तावहरु**

१. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सिर्जना फाईनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने सम्बन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदनलाई छलफल गरी पारित गर्ने ।

२. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सिर्जना फाईनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने प्रयोजनका लागि मूल्याङ्कनकर्ताबाट प्राप्त सिर्जना फाईनान्स लिमिटेडको चल/अचल सम्पत्ति र दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report), प्राप्ति (एक्विजिसन) पश्चात्का व्यवसायिक अवसरहरु, सम्पत्ति एवं दायित्वको बजार मूल्य, वर्तमान जोखिम अवस्था समेतका आधारमा सिर्जना फाईनान्स लिमिटेडको १०० कित्ता शेयरलाई सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ९५ कित्ता शेयर (१:०.९५) दिने गरी शेयर मूल्य अनुपात (Share Swap Ratio) कायम गर्ने र सिर्जना फाईनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्न स्वीकृति प्रदान गर्ने ।

३. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सिर्जना फाईनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्न मिति २०७७/१०/२८ मा दुबै पक्षबीच गरिएको सहमतिलाई नेपाल राष्ट्र बैंकबाट सैद्धान्तिक सहमति प्राप्त भएको हुँदा उक्त वित्तीय संस्थालाई प्राप्ति (एक्विजिसन) गर्न गरिएको अन्तिम सम्झौता (Scheme of Arrangement) लगायत संयुक्त मर्जर तथा एक्विजिसन समितिबाट भए गरेका काम कारवाहीहरु अनुमोदन गर्ने ।

४. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सिर्जना फाईनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने प्रयोजनका लागि गठित संयुक्त मर्जर तथा एक्विजिसन समितिबाट नियुक्त लेखापरीक्षक श्री एस् ए आर एसोसिएटस्, चाटर्ड एकाउन्टेन्टस्को नियुक्तिलाई अनुमोदन गर्ने ।

५. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सिर्जना फाईनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्न दुबै पक्षबीच गरिएको अन्तिम सम्झौतापत्र बमोजिम नियमनकारी निकायहरुबाट प्राप्त सुझाव तथा निर्देशन बमोजिम प्राप्ति (एक्विजिसन) सम्बन्धी गर्नु पर्ने थपघट तथा आवश्यक संशोधन लगायत सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियार प्रदान गर्ने ।

६. सिर्जना फाईनान्स लिमिटेडलाई यस बैंकले प्राप्ति (एक्विजिसन) पश्चात् बैंकको जारी तथा चुक्ता पूँजी साबिकको रु. ११,६६२,०४०,९१२/- बाट बृद्धि भई रु. १२,५७,६९,२३,११४/- हुने भएकोले सोही बमोजिम हुने गरि बैंकको प्रबन्ध-पत्र संशोधन गर्ने ।

७. बैकको प्रबन्ध-पत्र तथा नियमावली संशोधन गर्न अनुमति लिनुपर्ने निकायहरूबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत अन्य आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियार प्रदान गर्ने ।

**ख. विविध**

**३. उपस्थिति**

**३.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु:**

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १. | श्री राजन सिंह भण्डारी | अध्यक्ष |
| २. | श्री प्रकाश चन्द्र मैनाली | सञ्चालक |
| ३. | श्री विजय ध्वज कार्की | सञ्चालक |
| ४. | श्री सीता कार्की (के.सी.) | सञ्चालक |
| ५. | श्री प्रवल जंग पाण्डे | सञ्चालक |
| ६. | श्री सजन शर्मा | सञ्चालक |

**३.२ उपस्थित अन्य पदाधिकारी :**

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १. | श्री गणेश राज पोखरेल | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री सुमित बाबु खत्री | निमित्त नायव प्रमुख कार्यकारी अधिकृत/प्रमुख कर्जा अधिकृत |
| ३. | श्री रामधन श्रेष्ठ | सहायक प्रमुख कार्यकारी अधिकृत/आन्तरिक लेखा परिक्षण विभाग |
| ४. | श्री पारस कुमार काफ्ले | सहायक प्रमुख कार्यकारी अधिकृत/प्रमुख सञ्चालन अधिकृत |
| ५. | श्री राजेन्द्र लाल श्रेष्ठ | सहायक प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव/सूचना अधिकारी |
| ६. | श्री संजीव कुमार श्रेष्ठ | प्रमुख सूचना प्रविधि अधिकृत |

| | | |
|---|---|---|
| ७. | श्री नारायण राज अधिकारी | सामान्य प्रशासन विभाग प्रमुख/प्रवक्ता/गुनासो सुन्ने अधिकारी |
| ८. | श्री प्रमेश राज कायस्थ | प्रमुख वित्त अधिकृत |

**३.३ शेयरधनीहरुको उपस्थिति :**

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १. | स्वयम् उपस्थित हुने शेयरधनीको संख्या : | २२ |
| २. | प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीको संख्या : | १४१ |
| ३ | Webinar मार्फत उपस्थित हुने शेयरधनीको संख्या : | ३५१ |
| | **जम्मा** | ५१४ |

**४. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)**

| **विवरण** | **कूल संख्या** | **जम्मा उपस्थिति** | **कूल शेयरको प्रतिनिधित्व** |
|---|---|---|---|
| शेयरधनी संख्या | १,५१,६६२ | ५१४ | ५१.७८ प्रतिशत |
| सस्थापक समूह "क" | १२४० | ४१३ | ४२.९२ प्रतिशत |
| सर्वसाधारण समूह "ख" | १,५०,४२२ | १०१ | ८.८६ प्रतिशत |
| शेयरधनीहरुले ग्रहण गरेको कुल शेयर कित्ता | ११,६६,२०,४०९.१२ | | ५१.७८ प्रतिशत |

**५. सभाको वैधानिकता र सभाको सभापतित्व**

५.१ कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम सभा बोलाईएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम बैंकको सातौं विशेष साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा स्वयम् उपस्थित भई हाजिरी जनाउने शेयरधनीको संख्या २२ जना, Webinar मार्फत हाजिरी जनाउने शेयरधनीहरुको संख्या ३५१ जना तथा प्रोक्सी मार्फत १४१ जना गरि कुल शेयरधनी ५१४ जना कुल शेयर कित्ता मध्ये शेयर कित्ता ६,०३,८८,२१४.५४ उपस्थित भई ५१.७८ प्रतिशत प्रतिनिधित्व भएको हुँदा विशेष साधारण सभाको गणपूरक संख्या पुगेको र कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा ४ बमोजिम बैंकको विशेष साधारण सभा रजिष्टर्ड कार्यालय रहेको जिल्ला अर्थात काठमाण्डैंमा नै गरिएको हुँदा कम्पनी सचिवले प्रचलित कम्पनी कानून अनुसार तथा Webinar मार्फत संचालन भएको सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

५.२ बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्ष श्री राजन सिंह भण्डारी ज्यूको सभापतित्वमा गर्ने कुरा कम्पनी सचिवले जानकारी गराउँदै सञ्चालक समितिका अध्यक्ष श्री राजन सिंह भण्डारी ज्यूको सभापतित्वमा बैंकको सातौं विशेष साधारण सभा शुरु गर्न अनुरोध गर्नु भयो ।

५.३ सभाका सभापतिले सभा सञ्चालन गर्नु पूर्व सभामा स्वयम् उपस्थित हुनु भएका र Webinar मार्फत उपस्थित हुनु भएका सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्नु भयो र सभाको कार्य अगाडि बढाउनु भयो ।

## ६. विशेष साधारण सभाको प्रस्तुती :

६.१. सभाका सभापति ज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्दै पूर्व निर्धारित छलफलको विषय सूची अनुसार सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सिर्जना फाईनान्स लिमिटेडलाई प्राप्ति ( एक्विजिसन) गर्ने सम्बन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदनलाई सभामा पढेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नु भयो ।

६.२. तत्पश्चात् सभापति ज्यूले बैंकको सातौं विशेष साधारण सभामा प्रतिवेदन छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नु भयो ।

## ७. छलफलको लागि आव्हान र सहभागी शेयरधनी महानुभावहरु :

७.१ सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सिर्जना फाइनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने सम्बन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन उपर आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन सभापति ज्यूले शेयरधनी महानुभावहरु समक्ष अनुरोध गर्नु भए पश्चात् निम्न शेयरधनीहरुले देहाय अनुसार आ-आफ्नो जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

७.२ छलफलमा सहभागी भई मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम :

१. श्री नरसिंह लाल चंखु
२. श्री शिव प्रसाद पौडेल
३. श्री दामोदर प्रसाद रेग्मी
४. श्री भक्ति प्रसाद उप्रेती
५. श्री गुणराज भट्ट
६. श्री डमरु वल्लभ घिमिरे
७. श्री उद्धव प्रसाद घिमिरे
८. श्री रोज कुमार श्रेष्ठ
९. श्री लवराज जोशी
१०. श्री अमृत नाथ रेग्मी
११. श्री महेन्द्र प्रसाद श्रेष्ठ

७.३ छलफलमा सहभागी मध्ये सभामा स्वयं उपस्थीत भई सुझाव राख्नु हुने शेयरधनी महानुभावको नाम

७.४ छलफलमा सहभागी मध्ये Webinar मार्फत सहभागी भई सुझाव राख्नु हुने शेयरधनी महानुभावको नाम

१. श्री नरसिंह लाल चंखु
२. श्री शिव प्रसाद पौडेल
३. श्री दामोदर प्रसाद रेग्मी
४. श्री भक्ति प्रसाद उप्रेती
५. श्री गुणराज भट्ट
६. श्री डमरु वल्लभ घिमिरे
७. श्री उद्धव प्रसाद घिमिरे
८. श्री रोज कुमार श्रेष्ठ
९. श्री लवराज जोशी
१०. श्री अमृत नाथ रेग्मी
११. श्री महेन्द्र प्रसाद श्रेष्ठ

## ८. छलफलमा सहभागी हुनेहरुको आ-आफ्नो विचार प्रस्तुतीकरण

छलफलको क्रममा शेयरधनी महानुभावहरुले स्वंय आफै उपस्थित भई व्यक्त गर्नु भएका मन्तव्यलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

### १. श्री नरसिंह लाल चंखु

सभा अध्यक्ष ज्यू, सञ्चालक ज्यू, प्रमुख कार्यकारी अधिकृत ज्यू र सम्पूर्ण व्यवस्थापन र शेयरधनीहरुलाई नमस्कार, स्वागत गर्न चाहन्छु । SWAP RATIO एकदम राम्रो छ । Management अग्रस्थानमा रहेको महशुस भएको छ । CSR, HR Management मा अग्रपंतिमा रहेको छ । रणनैतिक योजनामा सफल रहेको छ । अन्तमा प्राप्ति सहमतिको पूर्ण सफलताको कामना गर्दछु ।

### २. श्री शिव प्रसाद पौडेल

श्री पौडेलज्यूले Virtual (Zoom) माध्यमवाट आफ्नो मन्तव्य राख्ने क्रममा मर्जरको लागि पहल गर्नु भएकोमा तथा स्वाप रेसियो ९५ प्रतिशत दिएको राम्रो भएको कुरा उल्लेख गर्दै धन्यवाद व्यक्त गर्नुभयो । यस बैंकले राम्रो प्रगति गरेको हुनाले नै शेयर बजारमा समेत बैंकको बजारमुल्य वृद्धि भइरहेको उल्लेख गर्दै प्रशंसा गर्नुभयो । उहाँले आफ्नो मन्तव्यको क्रममा एकै ठाँउमा धेरै शाखाहरु देखिएको हुँदा शाखाहरु मिलान गर्न ध्यानाकर्षण गर्नुभयो । साथै माथिल्लो पदमा रहेका कर्मचारीहरुले बैंक छोड्दा बैंकको बृत्ति विकासमा धक्का पुग्ने हो कि भन्ने चिन्ता व्यक्त गर्नुभयो । अन्तमा सिर्जना फाइनान्स लि.लाई प्राप्ति गरी छिटो भन्दा छिटो एकिकृत कारोवार गर्न र शेयर सुचिकरण कार्य पनि चाडै गर्नु पर्ने तर्फ ध्यानाकर्षण गराउदै बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो ।

### ३. श्री दामोदर प्रसाद रेग्मी

श्री रेग्मीले Virtual (Zoom) माध्यमबाट आफ्नो मन्तव्यको क्रममा सिटिजन्स बैंकको विशेष साधारण सभाका आदरणिय अध्यक्षज्यु, सञ्चालकज्युहरु, प्रमुख कार्यकारी अधिकृत, बैंकका कर्मठ कर्मचारी साथीहरु, कम्पनी सचिव ज्यु र सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अभिवादन व्यक्त गर्नु भयो । उहाँले Covid 19 दोश्रो लहर कहिलेसम्म जान्छ त्यो थाहा हुँदैन यस्तो अवस्थामा सरकारले १ महिना भन्दा बढी निषेधाज्ञा गरेको अवस्थामा पनि सिटिजन्स बैंक निरन्तर Active भएको देखिएको भन्दै खुशी व्यक्त गर्नु भयो । बैंकको तेस्रो त्रैमासिक प्रगति राम्रो रहेको र बेश रेट अझै घटाउँदै लैजानु पर्ने कुरामा जोड दिनु भयो । बैंकको शेयर मूल्य बढोत्तरी रहेको र आगामी दिनमा शेयरधनीहरुको अपेक्षा अनुसारको वासलात विवरण आउन सकोस । बैंकले अन्य वित्तीय संस्थाहरु जोसँग धितो समेत नरहेको अस्थामा कृषि तथा ग्रामिण क्षेत्रमा राम देबको जस्तो नीति तथा ६/६ महिनाको नयाँ नयाँ कार्यक्रम ल्याई लगानी गर्नु पर्ने कुरामा जोड दिनु भयो । अहिलेको परिस्थितिमा जलविद्युत क्षेत्रमा र बिमा क्षेत्रमा लगानी गरेको शेयर बिक्रि गर्नु उपयुक्त देखिन्छ भन्ने धारणा राख्नु भयो । बैंकका सबै शाखा कार्यालयहरुलाई नाफा मुलक तथा लगानी योग्य बनाउनु पर्ने र राम्रो काम गर्ने कर्मचारीलाई पुरस्कार र राम्रो काम गर्न नसक्ने कर्मचारीलाई Replace गर्ने परिपाटीको बिकास गर्नु पर्ने कुरालाई पनि सम्बोधन गर्नु भयो ।

### ४. श्री भक्ति प्रसाद उप्रेती

उहाँले Virtual (Zoom) माध्यमबाट आफ्नो मन्तव्यको क्रममा सिटिजन्स बैंकको विशेष साधारण सभाका आदरणिय अध्यक्ष ज्यु, सञ्चालक ज्युहरु, प्रमुख कार्यकारी अधिकृत, बैंकका कर्मठ कर्मचारी साथीहरु, कम्पनी सचिव ज्यु र सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अभिवादन व्यक्त गर्नु भयो । बैंक संस्थागत सुशासनमा अब्बल दर्जामा रहेकोले आगामी आर्थिक बर्षको अन्तिममा Synergy देखिन पाईयोस । सिर्जना फाइनान्सलाई प्राप्ति

गरे पश्चात् बैंक ठुलो हुने भएकोले प्राप्ति पश्चात् आउने सानो संस्थाका कर्मचारीहरुलाई विभेद मुक्त गरी आफ्नो अपनत्व भावना जागृत गराउने वातावरणको सृजना गर्नु पर्ने कुरामा जोड दिनु भयो । प्रत्येक आर्थिक वर्षको शुरुमै सबै बैंक भन्दा अगावै बैंकको नियमित वार्षिक  साधारण सभा होस भन्ने कुरामा शुभकामना व्यक्त गर्नु भयो ।

**५. श्री गुण राज भट्ट**

श्री भट्टले Virtual (Zoom) माध्यमबाट आफ्नो मन्तव्यको क्रममा सिटिजन्स बैंकको विशेष साधारण सभाका आदरणिय अध्यक्षज्यु, सञ्चालकज्युहरु, प्रमुख कार्यकारी अधिकृत, बैंकका कर्मठ कर्मचारी साथीहरु, कम्पनी सचिव ज्यु र सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अभिवादन व्यक्त गर्नु भयो । उहाँले Covid 19 दोश्रो लहरका कारण सरकारले १ महिना भन्दा बढी निषेधाज्ञा गरेको अवस्थामा पनि सिटिजन्स बैंक निरन्तर Active भएको देखिएको भन्दै खुशी व्यक्त गर्नु भयो । बैंकले राम्रो अध्यक्ष पाउनुका साथै Young, Energetic, मृदुभाषी प्रमुख कार्यकारी अधिकृत साथै ग्राहकलाई देवता जस्तो मान्ने कर्मचारी रहेको कुरा व्यक्त गर्दै आवश्यक तालिमको व्यवस्था गर्दै राम्रो कार्य गर्ने कर्मचारीलाई पुरस्कार प्रदान गर्न विनम्र अनुरोध गर्नु भयो । प्राप्ति पश्चात् बैकको पूँजी साँढे १२ अर्व पुग्ने र अहिलेको समयमा उक्त चुक्ता पूँजी अपर्याप्त हुने भन्दै अझ पूँजी बृद्धि गर्न अन्य संस्थाहरुसंग मर्जर/प्राप्ति गरेर अगाडी बढ्न प्रमुख कार्यकारी अधिकृत र अध्यक्ष ज्युलाई आग्रह गर्न भयो ।
उहाँले सुझाव दिने क्रममा प्राप्ति पश्चात सिर्जना फाइनान्सबाट आउने कर्मचारीहरुलाई समस्या नआओस् भन्नको लागि संयुक्त कारोबार गर्नु भन्दा अगाडी नै आवश्वक तालिमको व्यवस्था गर्न र उनीहरुलाई कार्यस्थलमा नै भेटेर आवश्यक सुझाव दिन प्रमुख कार्यकारी अधिकृत ज्युलाई अनुरोध गर्नु भयो ।
बैंकले गरेको Zoom Meeting को क्रममा कंम्पनी सचिवले देखाउनु भएको सक्रियताको मुक्त कण्ठले प्रशंसा गर्दै बैंकलाई अझ सबल बनाउदैं राम्रो प्रतिफल दिन समक्ष बनाउनको लागि प्रमुख कार्यकारी अधिकृत र अध्यक्ष ज्युलाई अनुरोध गर्नु भयो ।

**६. श्री डमरु वल्लभ घिमिरे**

सबैलाई नमस्कार र शुभकामना व्यक्त गर्दछु । राजन सिंह भण्डारी ज्यूको नेतृत्व र निर्देशनले सबैको मनमनमा बस्न सफल भएको छ । स-साना कम्पनीको मर्जर नीति अति नै सबल सक्षम छ किनकी आफ्नो अस्तित्व मजबूत बनाएको छ । अझ अगाडि बढ्नुहोस् भन्ने मेरो शुभकामना छ ।वर्तमान बैंकका प्रमुख कार्यकारी अधिकृत श्री  गणेश सरको पालामा बैंक अझ चम्किएको छ । उहाँको अनुभवले बैंक थप दह्रो भएको छ । सफलताको शुभकामना व्यक्त गर्दै मेरो मन्तव्य यहिँ टुङ्याउँछु । धन्यबाद ।

**७. श्री उद्धव प्रसाद घिमिरे**

नमस्कार, विशेषत सिर्जना फाइनान्सलाई प्राप्ति गर्न सबैलाई चित्त बुझाई रहेको छ । शेयर आदान प्रदान अनुपात ९५ कायम गर्नु भएकोमा विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु । मर्जर र प्राप्तिको लागि समर्थन र सफलताको विशेष शुभकामना व्यक्त गर्दै उल्लेखित प्रगतिको कामना गर्दछु । सबै राम्रो छ । धन्यबाद ।

**८. श्री रोज कुमार श्रेष्ठ**

श्री श्रेष्ठले Virtual (Zoom) माध्यमबाट मन्तव्यको क्रममा सिटिजन्स बैंक अहिलेसम्म निकै रमाईलो र सुखद रहेको छ । ठुला संस्थासँग मर्ज गर्नेलाई ध्यान दिने होकी ? किनकी भावी दिनमा पूँजी संरचना बलियो हुनु जरुरी देख्दछु । सफलताको शुभकामना दिंदै धन्यबाद ज्ञापन गर्नु भयो ।

९. **श्री लवराज जोशी**

श्री जोशीले Virtual (Zoom) माध्यमबाट मन्तव्यको क्रममा बैंकलाई पूर्वबाट सिर्जना फाइनान्सलाई लिएर २१ वटा शाखा थप्न सफल भएकोमा विशेष धन्यबाद दिंदै स-साना भन्दा ठुला बैंकसँग मर्ज गर्ने तर्फ पनि ध्यान पुगोस र चैत्रको वासलात अत्यन्तै राम्रो रहेको छ भन्ने कुरालाई पनि व्यक्त गर्नु भयो । बैंकले आफ्नो छवीलाई अझ उच्च बनाएको छ । सबै शेरधनीको सदैव साथ र सहयोग रहनेछ । अन्तमा बैंकले निरन्तर उन्नती चुम्न सकोस भनी सफलताको कामना व्यक्त गर्नु भयो ।

१०. **श्री अमृत नाथ रेग्मी**

श्री रेग्मीले Virtual(Zoom) माध्यमबाट मन्तव्यको क्रममा Sirjana Finance Ltd. लाई प्राप्ति गरेपछि चुक्ता पूँजीमा वृद्धि हुन जाने तर्फ संकेत गर्दै बैंकको General Reserve पनि चुक्ता पूँजि को नजिक कसरी कायम गर्न सकिन्छ भन्ने तर्फ ध्यान दिन अनुरोध गर्नुभयो । मन्तव्यको क्रममा उहाँले यस बैंकको Net Interest Income तथा Off Balance Sheet item कसरी वृद्धि गर्दै लैजाने भन्ने कुरामा Management र Board ले विशेष ध्यान दिनुपर्ने कुरा व्यक्त गर्नुभयो । उहाँले बैंकको नाफा बढाउन खर्च कटौती गरेर भन्दा पनि आम्दानीमा बृद्धि गरी नाफा बढाउन अनुरोध गर्नुभयो । उहाँले आफ्नो मन्तव्यको क्रममा Base Rate तथा Cost of Fund कसरी घटाउन सकिन्छ त्यसतर्फ ध्यान दिन जोड दिदै बैंकको NPA लेभल लाई सन्तुलित गर्न सकेमा Balance Sheet राम्रो देखिने कुरा व्यक्त गर्नु भयो ।

आगामि बर्ष १५% लाभांष वितरणका लागि कम्तिमा पनि खुद मुनाफा १ अर्ब ८० करोड चाहिन्छ साथै General Reserve मा पनि केही रकम छुट्याउनु पर्ने हुनाले हामीलाई २ अर्ब ४० करोड देखि २ अर्ब ५० करोड सम्मको खुद मुनाफा आवश्वक पर्ने हुँदा सो बमोजिमको प्रतिफल कायम राख्नका लागि राम्रो संस्था लिनुपर्ने तर्फ जोड दिदैं आफ्ने मन्तव्य टुङग्याउनु भयो ।

११. **श्री महेन्द्र प्रसाद श्रेष्ठ**

सर्वप्रथम बधाई र शुभकामना व्यक्त गर्दछु । अहिले बजारमा प्रतिसपर्धा गर्न पूँजीनै बृद्धी गर्नुपर्ने देखिन्छ । अरु बजारमा रहेको वाणिज्य बैंकहरुसँग मर्जर कसरी गर्न सकिन्छ त्यस तर्फ पनि बैंकको विशेष ध्यान पुगोस र मर्जरको पूर्ण सफलताको कामना गर्दै लगानी श्रोतमा, स्वास्थ क्षेत्रमा विशेष पहिचान गरी व्यवसाय बृद्धी गर्ने तर्फ विशेष ध्यान दिइयोस् । कोभिडको कारणले काम गर्न ज्यादै कठिनाई छ । सिर्जना फाइनान्सलाई प्राप्ति गरेकोमा बधाई र चाँडै नियमित वार्षिक साधारण सभा गर्न सफलता मिलाई हकप्रद शेयर जारी गरी पूँजी बृद्धी गर्ने तर्फ पनि ध्यान जाओस् । अन्तमा धन्यबाद ।

**९. शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासामा सभाका अध्यक्ष राजन सिंह भण्डारी ज्यूले ब्यक्त गर्नु भएको प्रश्नहरुको जवाफ :**

श्री अध्यक्षज्युले सभामा उठेका जिज्ञासाहरुको जवाफ दिने क्रममा सबै शेयरधनी महानुभावहरुको सुझाव सर्हानीय रहेको र उक्त सुझावहरुले आगामी दिनमा मार्ग निर्देशन गर्ने कुरा व्यक्त गर्नु भयो । उहाँले यस सभाको निचोड भनेको बैंक राम्रो होस, प्रतिफल राम्रो आओस, Dividend उच्चदरको आओस, बैंक अझ माथिल्लो स्तरमा पुग्न सकोस् भन्ने चाहाना र शुभकामना रहेको र ठुला बैंकसँग मर्जर गर्ने अवसरलाई हामीले खुल्ला नै राखेका छौं ,बन्द गरेका

छैनौ । शेयरधनीज्यूहरुबाट प्राप्त सबै सुभावलाई सकारात्मक रुपमा लिएका छौं । हाम्रो आफ्नै चाहाना पनि सोही बमोजिम रहेको कुरा व्यक्त गर्नु भयो । साथै बैंक भनेको एक, दुई बर्ष हेरेर चल्ने नभई युगौं युग चल्ने संस्था भएको हुँदा दिगो रुपमा नै सबल बनाउनु पर्ने बताउनु भयो । मर्जर तथा एक्विजिसनको सन्दर्भमा सिटिजन्स बैंक प्रत्येक क्षेत्रमा Visible देखियोस भन्ने चाहाना रहेको प्रष्ट पार्दै तिनाउ मिसन डेभलपमेन्ट बैंकलाई प्राप्ति गरे पश्चात् लुम्बिनी प्रदेश  मा बैंकको उपस्थिति उल्लेख्य रुपमा बृद्धि भएको जनाउँदै अब सिर्जना फाइनान्सलाई प्राप्ति गरे पश्चात् प्रदेश नं. १ अन्तर्गत मोरङ, सुनसरी र सप्तरी गरी ३ जिल्लामा आगामी दिनहरुमा सिटिजन्स बैंकको दह्रो उपस्थिति देखिनेछ भन्दै खुशी व्यक्त गर्नु भयो । हाम्रो चाहाना भनेको हरेक प्रदेशमा बैंकको उपस्थिति राम्रो होस र हरेक नागरिकहरुले सिटिजन्स बैंक भन्ने चिनोस भन्ने नै मुल ध्येय रहेको विचार व्यक्त गर्नु भयो । अन्त्यमा सभामा उठेका विचारहरुको समुल रुपमा उच्च प्रशंसा गर्दै आगामी दिनमा शेयरधनी महानुभावहरुको सल्लाह सुझाव अनुरुप नै अगाडि बढ्दै जाने प्रतिबद्धता व्यक्त गर्नु भयो ।

**१०. सातौं विशेष साधारण सभाका निर्णयहरु :**

(क) **विशेष प्रस्तावहरु**

१. **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सिर्जना फाईनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने सम्बन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदनलाई छलफल गरी पारित गर्ने ।**

सभापति ज्यूले स्वीकृतिको लागि सभा समक्ष प्रस्तुत गर्नु भएको सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सिर्जना फाईनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने सम्बन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदनलाई सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

२. **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सिर्जना फाईनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने प्रयोजनका लागि मूल्याङ्कनकर्ताबाट प्राप्त सिर्जना फाईनान्स लिमिटेडको चल/अचल सम्पत्ति र दायित्व मूल्याङ्कन प्रतिवेदन( Due Diligence Audit Report), प्राप्ति (एक्विजिसन) पश्चात्का व्यवसायिक अवसरहरु, सम्पत्ति एवं दायित्वको बजार मूल्य, वर्तमान जोखिम अवस्था समेतका आधारमा सिर्जना फाईनान्स लिमिटेडको १०० कित्ता शेयरलाई सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ९५ कित्ता शेयर (१:०.९५) दिने गरी शेयर मूल्य अनुपात (Share Swap Ratio) कायम गर्ने र सिर्जना फाईनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्न स्वीकृति प्रदान गर्ने ।**

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सिर्जना फाईनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने प्रयोजनका लागि मूल्याङ्कनकर्ताबाट प्राप्त सिर्जना फाईनान्स लिमिटेडको चल/अचल सम्पत्ति र दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report), प्राप्ति (एक्विजिसन) पश्चात्का व्यवसायिक अवसरहरु, सम्पत्ति एवं दायित्वको बजार मूल्य, वर्तमान जोखिम अवस्था समेतका आधारमा सिर्जना फाईनान्स लिमिटेडको १०० कित्ता शेयरलाई सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ९५ कित्ता शेयर (१:०.९५) दिने गरी शेयर मूल्य अनुपात (Share Swap Ratio) कायम गर्ने र सिर्जना फाईनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा सभापति ज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा उल्लेखित सम्पूर्ण प्रस्तावहरु सर्वसम्मतिबाट स्वीकृत पारित गर्ने निर्णय गरियो ।

३. **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सिर्जना फाईनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्न मिति २०७७/१०/२८ मा दुबै पक्षबीच गरिएको सहमतिलाई नेपाल राष्ट्र बैंकबाट सैद्धान्तिक सहमति प्राप्त भएको हुँदा उक्त वित्तीय संस्थालाई प्राप्ति (एक्विजिसन) गर्न गरिएको अन्तिम सम्झौता (Scheme of**

**Arrangement) लगायत संयुक्त मर्जर तथा एक्विजिसन समितिबाट भए गरेका काम कारवाहीहरु अनुमोदन गर्ने ।**

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सिर्जना फाईनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्न मिति २०७७/१०/२८ मा दुबै पक्षबीच गरिएको सहमतिलाई नेपाल राष्ट्र बैंकबाट सैद्धान्तिक सहमति प्राप्त भएको हुँदा उक्त वित्तीय संस्थालाई प्राप्ति (एक्विजिसन) गर्न गरिएको अन्तिम सम्झौता (Scheme of Arrangement) लगायत संयुक्त मर्जर तथा एक्विजिसन समितिबाट भए गरेका काम कारवाहीहरु अनुमोदन गर्ने प्रस्ताव पारित गरियोस भनी सभापति ज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सर्वसम्मतिबाट अनुमोदन गर्ने निर्णय गरियो ।

४. **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सिर्जना फाईनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने प्रयोजनका लागि गठित संयुक्त मर्जर तथा एक्विजिसन समितिबाट नियुक्त लेखापरीक्षक श्री एस् ए आर एसोसिएटस्, चाटर्ड एकाउन्टेन्टस्को नियुक्तिलाई अनुमोदन गर्ने ।**

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सिर्जना फाईनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने प्रयोजनका लागि गठित संयुक्त मर्जर तथा एक्विजिसन समितिबाट नियुक्त लेखापरीक्षक श्री एस् ए आर एसोसिएटस्, चाटर्ड एकाउन्टेन्टस्को नियुक्तिलाई अनुमोदन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

५. **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सिर्जना फाईनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्न दुबै पक्षबीच गरिएको अन्तिम सम्झौतापत्र बमोजिम नियमनकारी निकायहरुबाट प्राप्त सुझाव तथा निर्देशन बमोजिम प्राप्ति ( एक्विजिसन) सम्बन्धी गर्नु पर्ने थपघट तथा आवश्यक संशोधन लगायत सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियार प्रदान गर्ने ।**

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सिर्जना फाईनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्न दुबैपक्ष बीच गरिएको अन्तिम सम्झौतापत्र बमोजिम नियमनकारी निकायहरुबाट प्राप्त सुझाव तथा निर्देशन बमोजिम प्राप्ति ( एक्विजिसन) सम्बन्धी गर्नु पर्ने थपघट तथा आवश्यक संशोधन लगायत सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियार प्रदान गर्ने निर्णय गरियो ।

६ **सिर्जना फाईनान्स लिमिटेडलाई यस बैंकले प्राप्ति (एक्विजिसन) पश्चात् बैंकको जारी तथा चुक्ता पूँजी साबिकको रु. ११,६६२,०४०,९१२/- बाट बृद्धि भई रु. १२,५७,६९,२३,११४/- हुने भएकोले सोही बमोजिम हुने गरि बैंकको प्रबन्धपत्र संशोधन गर्ने ।**

**(क) बैंकको प्रबन्ध-पत्रमा संशोधन गर्ने ।**

बैंकको प्रबन्ध-पत्रमा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

**(क-१) बैंकको जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि सम्बन्धमा**

बैंकको जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्ने सम्बन्धमा सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम प्रबन्ध-पत्रको दफा ५ को (ख) र (ग) मा भएको व्यवस्थाको सट्टा देहाय बमोजिम पूँजी संरचना बृद्धि गरी संशोधन गर्ने निर्णय गरियो ।

**बैंकको पूँजीको संरचना :**

५(ख) बैंकको कुल जारी पूँजी रु. १२,५७,६९,२३,११४/- (अक्षरेपि बाह्र अर्ब सन्ताउन्न करोड उनन्सत्तरी लाख तेईस हजार एक सय चौध मात्र) हुनेछ । सो पूँजीलाई रु.१००/- का दरले १२,५७,६९,२३१.१४ (बाह्र करोड सन्ताउन्न लाख उनन्सत्तरी हजार दुई सय एक्तीस दशमलव चौध) थान साधारण शेयरमा विभाजित गरिएको छ ।

बैंकले तत्काल जारी गर्ने शेयर पूँजी न्युनतम रु.१२,५७,६९,२३,११४/- (अक्षरेपि बाह्र अर्ब सन्ताउन्न करोड उनन्सत्तरी लाख तेईस हजार एक सय चौध मात्र) हुनेछ ।

५(ग) बैंकको तत्काल चुक्ता पूँजी न्युनतम रु. १२,५७,६९,२३,११४/- (अक्षरेपि बाह्र अर्ब सन्ताउन्न करोड उनन्सत्तरी लाख तेईस हजार एक सय चौध मात्र) हुनेछ ।

७. **बैकको प्रबन्ध-पत्र तथा नियमावली संशोधन गर्न अनुमति लिनु पर्ने निकायहरूबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत अन्य आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियार प्रदान गर्ने ।**

बैकको प्रबन्ध-पत्र तथा नियमावली संशोधन गर्न अनुमति लिनु पर्ने निकायहरूबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत अन्य आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियार प्रदान गर्ने निर्णय गरियो ।

**ख. विविध**

विविध अन्तर्गत छलफलका लागि अन्य विषय नभएकोले विशेष साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणित गर्ने र बुझाउनु पर्ने निकायहरुमा कम्पनी सचिवले प्रमाणित गरि प्रतिलिपि बुझाउने व्यहोरा सभालाई जानकारी गराईयो ।

**११. धन्यबाद ज्ञापन तथा सभा विसर्जन**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्ष ज्यूले सम्पूर्ण शेयरधनी महानुभावहरु, बैंकका उच्च व्यवस्थापन, बैंकका सम्पूर्ण कर्मचारीहरु, नेपाल सरकारका सम्बद्ध निकाय लगायत नेपाल राष्ट्र बैंक तथा सम्बन्धित सबै नियमनकारी निकायहरुलाई विशेष धन्यबाद व्यक्त गर्दै शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै वहाँहरुबाट आवश्यक मार्ग निर्देशन प्राप्त भई प्रस्तुत प्रस्तावहरु पारित भएकोमा खुसी प्रकट गर्नुका साथै सातौं विशेष साधारण सभा सफलतापूर्वक सञ्चालन एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा अन्य उपस्थित सबै महानुभावहरुलाई धन्यबाद ज्ञापन गर्दै दिनको १०:०० बजे विधिवत रुपमा सभा विसर्जन गर्नु भयो ।

---------------
राजेन्द्र लाल श्रेष्ठ
कम्पनी सचिव

---------------
श्री राजन सिंह भण्डारी
अध्यक्ष

CITIZENS BANK INTERNATIONAL LTD.
Citizens
Corporate Office
सिटिजन्स बैंक इन्टरनेशनल लि.